# जलेश्वर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैगिक हिंसाबाट पीडित वाप्रभावितलाई तत्काल उद्धार गर्न, औषधीउपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ को नियम ३ (ख) तथा लैगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जलेश्वर नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७७ बनाइ लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यबिधिको नाम "स्थानीय लैगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ " रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,:-

(क) "नगरपालिका"भन्नाले जलेश्वर नगरपालिका सम्झनु पर्नेछ ।

(ख) "शाखा" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनुपर्छ ।

सुदामा

Scanned with CamScanner

(ग) "कोष" भन्नाले नियम (३) बमोजिमको तत्काल उद्धार तथा राहत कोष सम्झनु पर्छ ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(ङ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(च) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(छ) "संघीय मन्त्रालय"भन्नाले संघीय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(ज) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश सरकार सम्झनु पर्छ ।

(झ) "प्रदेश मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको लैंगिक हिंसा रोकथाम सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले कार्यविधिको नियम (७) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. **कोषको स्थापना :**

(१) लैगिक हिंसा निवारणका लागि तत्काल उद्धार त तथा राहत कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ:-

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थावाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

. **कोषमा रकम जम्मा गर्ने**: महिला हक हीतको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

. **कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधीउपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमुलक तालिम प्राप्त पिडित लाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि वा पीडितलाई कुनै व्यवसाय गर्नका लागि बिउ पुँजी ( सीड मनि)प्रदान गर्न,

(च) पीडित र प्रभावितलाई पुनर्स्थापना गर्न ,

(छ) लैगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,

(ज) अल्पकालीनमहिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यक्ता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

Scanned with CamScanner

(झ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**समितिको गठन :-** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक तत्काल उद्धार तथा राहत समिति गठन गरिनेछ ।

२. समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उपप्रमुख-संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) सामाजिक विकास समिति संयोजक -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख- सदस्य

(च) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि- सदस्य

(छ) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एक जना -सदस्य

(ज) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख- सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(४) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहनेछ ।

**समितिको काम, कर्तव्य र अधिकार :** (१) तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित समाचार वा प्राप्त सूचनाका आधारमा त्यस्ता घटनाका सम्बन्धमा नगरपालिकामा तत्काल उद्धारको काम भए, नभएको सम्बन्धमा जानकारी लिने,

(ख) तत्काल उद्धार गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने ,

(ग) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने

(घ) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(ङ) नगरपालिका क्षेत्र भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(च) पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

(छ) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(झ) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने

(ञ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ट) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा समितले तीन सदस्यीय अनुगमन टोली गठन गरी अनुगमन गर्ने वा गराउने ।

(ठ) प्रत्येक चार महिनामा गरेका काम कारवाहीको समिक्षा गरी प्रत्येक वर्ष सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन सार्वजनिक गर्ने ।

(२) उपनियम (१) बमोजिमको समितिको बैठक सञ्चालन तथा अनुगमनका लागि आवश्यक पर्ने खर्च कोषबाट व्यहोरिनेछ ।

**समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ :-

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ.।

(४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी, कर्मचारी वा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गरे वमोजिम हुनेछ ।

१०. **समितिको प्रशासनिक खर्च** : समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

११. **कोषलाई रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले प्रत्यक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

१२. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

Scanned with CamScanner

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दरमा खाना खर्च,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रूपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूंजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रूपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रूपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१३. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

Scanned with CamScanner

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम १२ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१४. **तत्काल रकम उलब्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१५. **खाता सञ्चालन :** (क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

(ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. **कोषको लेखा र लेखा परिक्षण :** कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१७. **कोषको रकम फ्रिज नहुने :** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन

१८. **प्रतिवेदन पेश गर्ने :** १) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले सार्वजनिक गर्नेछ ।

१९. **बैठक भत्ता :** समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउने छन् ।

२०. **कोषको सचिवालयः** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

२१. **अभिलेख राख्ने :** समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२२. **निर्देशन दिन सक्ने** (१) नगर कार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२३. बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

२४. खारेजी र बचाउ : यस कार्यविधि बमोजिम भए गरेको कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

सुरेश साह सोनार
नगर प्रमुख

## अनुसूची

( दफा १३ संग सम्बन्धित ।

विषय: सहयोग उपलब्ध गराई पाउँ ।

श्री उप प्रमुख ज्यू
तत्काल उद्धार तथा राहत समिति,
जलेश्वर नगरपालिका, महोत्तरी ।

म ...मा बस्ने वर्ष ...को मिति.. मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ( ... ) भएको कारणले मेरो मानसिक शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार कानुनी सहायता एवम् परामर्श उद्धार /मनोविमर्श स्वरोजगार पुनस्थापना अन्य कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।